# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १६ मितिः २०८१/०६/२०

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।



रामपुर नगरपालिका, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
Email : rampurmunicipality@gmail.com/info@rampurmun.gov.np
Website: rampurmun.gov.np

# रामपुर नगरपालिका मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावनाः- रामपुर नगरपालिका क्षेत्रभित्र रहेका भौतिक पुर्वाधार, सम्पदा, उपकरण आदिको समयमै मर्मत सम्भार गरी लागत प्रभावकारिताका माध्यमले खर्च मितव्ययिता र दिगो बनाउन, मर्मत सम्भारलाई व्यवस्थित गरी नियमन गर्न र जवाफदेही बनाउन बाञ्छनीय भएकाले,
नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (ठ) ले दिएको अधिकार प्रयोग गरी रामपुर नगरपालिकाको चौथो औं कार्यपालिका बैठकले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**
(१) यो कार्यविधिको नाम "रामपुर नगरपालिका मर्मत सम्भार कोष सञ्चालनसम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।
**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः
(क) "कार्यविधि" भन्नाले रामपुर नगरपालिका मर्मत सम्भार कोष सञ्चालन सम्बन्धी कार्यविधि सम्झनुपर्छ ।
(ख) "नगरपालिका" भन्नाले रामपुर नगरपालिका सम्झनुपर्छ ।
(ग) "नगर कार्यपालिका" भन्नाले रामपुर नगर कार्यपालिका सम्झनुपर्छ ।
(घ) "स्थानीय तह" भन्नाले रामपुर नगरपालिका सम्झनुपर्छ ।
(ङ) "उपभोक्ता समिति" भन्नाले नगरपालिकाको टोल र वस्ती क्षेत्रमा सञ्चालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समूहबाट उक्त योजना सञ्चालन गर्न बनेको सङ्गठन भन्ने बुझाउँछ ।
(च) "यान्त्रिक उपकरण" भन्नाले नगरपालिकाको डोजर, रोलर, ग्रेडर, ट्रिपर, ट्याक्टर लगाएतका सवारी साधनहरुलाई जनाउँछ ।
(छ) "प्रमुख" भन्नाले रामपुर नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।
(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।
(झ) "भौतिक पूर्वाधार" भन्नाले नगरपालिका क्षेत्रभित्रका सडक, ढल, पुल, कल्भर्ट, कुलो, खानेपानी, तटवन्ध, भवन, खेल मैदान तथा यस्तै अन्य सार्वजनिक संरचनाका अतिरिक्त पुरातात्विक, साँस्कृतिक,

ऐतिहासिक सम्पदा वा सो जन्य पूर्वाधार समेतलाई सम्झनुपर्छ ।

(ञ) "कोष" भन्नाले यो कार्यविधि बमोजिमको मर्मत सम्भार कोषलाई सम्झनु पर्दछ ।

(ट) "समिति" भन्नाले यो कार्यविधि बमोजिम गठन हुने समिति सम्झनुपर्छ ।

**३. उद्देश्यः** यो कार्यविधिको उद्देश्य निम्नानुसार रहेको छः-

क) भौतिक पूर्वाधारहरू दिगो रूपमा सञ्चालन भइरहने अवस्थाको सिर्जना गराउने ।

ख) स्थानीय श्रम, सीप र प्रविधिमा मर्मत सम्भार गर्ने ।

ग) समयमै मर्मत सम्भार गरी थप धन जन र संरचनाको नोक्सानी हुनबाट जोगिने ।

घ) संरचनाको तत्काल मर्मत सम्भार गर्ने ।

**४. मर्मत सम्भार कोष स्थापनाः** (१) मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोषको स्थापना गरिने छ, जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछः-

क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) नगरसभाबाट मर्मत सम्भार कोषको लागि र नगर स्तरीय मर्मत सम्भारको लागि विनियोजित भएको रकम ।

घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरूबाट प्राप्त हुने रकम ।

ङ) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने पूर्वाधार विकास सम्बन्धी योजनाहरूको मर्मत सम्भार कोष कट्टीको रकम ।

च) नगरपालिकाका यान्त्रिक उपकरणबाट प्राप्त आम्दानीको रकम ।

छ) अन्य स्थानीय तहबाट मर्मत सम्भार वापत प्राप्त हुने रकम ।

(२) कोषको खाता सञ्चालन प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

**५. खर्च गर्ने कार्यक्षेत्रः** (१) मर्मत सम्भार कोषबाट देहाय बमोजिमका क्षेत्रहरूमा खर्च गर्न सकिने छ ।

क) सडक मर्मत तथा स्तरोन्नती गर्ने कार्य ।

ख) नाली सरसफाइ तथा मर्मत कार्य ।

ग) खानेपानी मुहान,पाईप तथा धारा मर्मत कार्य ।

घ) ह्युम पाईप खरिद तथा मर्मत कार्य ।

ङ) वडा भित्र हुने भैपरी आउने आकस्मिक र भैपरी आउने स—साना मर्मत कार्यहरू ।

च) पुल तथा कल्भर्ट मर्मत सम्भार कार्य ।

छ) तटवन्ध, वाँध मर्मत तथा ग्याविन जाली लगाउने कार्य ।

ज) सामुदायिक विद्यालयहरू र स्वास्थ्य केन्द्रहरूमा आकस्मिक भैपरी आउने मर्मत कार्य ।

झ) वडा कार्यालय र सामुदायिक भवनहरू मर्मत कार्य ।

ञ) विद्युत लाईन मर्मत तथा भाँचिएको पोल मर्मत कार्य ।

ट) मठ, मन्दिर, गुम्बा, चर्च र मस्जिद इत्यादी धार्मिक सम्पदाहरूको मर्मत सम्भार कार्य ।

(२) वार्षिक रुपमा अनुमानित बजेट कोषमा राखी बाँकी रकम संचित खातामा दाखिला गरिनेछ ।

**६. खर्च गर्ने विधि र प्रक्रियाः** (१)मर्मत सम्भार कोषमा रहेको रकम खर्च गर्ने विधि निम्नानुसार हुने छः

क) वडाको सिफारिसमा योजना छनौट गरी मर्मत सम्भार कोष व्यवस्थापन समितिको निर्णयानुसार नगरपालिकाको यान्त्रिक उपकरणहरुको प्रयोगमा जोड दिई खर्च गर्न सकिनेछ। त्यसरी खर्च गर्दा प्राविधिक लागत इष्टिमेट बमोजिम गर्नुपर्नेछ ।

ख) समितिको सिफारिस तथा कार्यपालिकाको निर्णय अनुसार कुनै विशेष योजनालाई उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न दिन सकिनेछ ।

ग) दफा ६ उपदफा १ को (क) मा जुन सुकै कुरा भएता पनि नगर प्रमुखको तोक योजनाको हकमा समितिको निर्णय बमोजिम हुनेछ ।

घ) कार्य सम्पन्न भए पश्चात प्राविधिक कर्मचारीबाट मूल्याङ्कन सिफारिस गर्नुपर्नेछ ।

ङ) आवश्यकता अनुसार अनुगमन प्रतिवेदन तथा आवश्यक बिल भरपाई र डोरहाजिरीका आधारमा मर्मत कार्य गर्ने व्यक्ति र संस्थालाई भुक्तानी दिइनेछ ।

च) मर्मत सम्भारको क्रममा कार्यालयको यान्त्रिक उपकरण प्रयोग भएमा सोही कोषबाट इन्धन, उपकरण मर्मतको खर्च गरिनेछ ।

**७. मर्मत सम्भार कोष व्यवस्थापन समितिः** (१) मर्मत सम्भार कोषलाई बढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय बमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छः

(क) नगर प्रमुख — अध्यक्ष

(ख) नगर उपप्रमुख — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) पूर्वाधार विकास समितिका संयोजक — सदस्य

(ङ) प्राविधिक शाखा प्रमुख — सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(छ) योजना शाखा प्रमुख — सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) बैठकमा आवश्यकता अनुसार सम्बन्धित वडाका वडाध्यक्ष तथा वडा प्राविधिक, सम्वद्ध विशेषज्ञ तथा कर्मचारीहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिका पदाधिकारीहरुको बैठक बसेको समयमा बैठक भत्ता एवं सुविधा नियमानुसार उपलब्ध गराइनेछ ।

(५) समितिको बैठक सञ्चालन कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**८. मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) मर्मत सम्भार कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) नगर सभाबाट मर्मत सम्भार कोषमा विनियोजन गर्नुपर्ने बजेटको सुनिश्चितताको लागि पहल गर्ने।

ख) नगरपालिका क्षेत्रभित्रका विभिन्न आयोजनाहरूको प्राथमिकता तोकी आवश्यक बजेट, आय क्षेत्र र खर्च हुने रकमको वार्षिक कार्ययोजना बनाई कार्यपालिका मार्फत नगर सभामा पेश गर्ने ।

ग) मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि स्रोत साधनको खोजी गर्ने ।

घ) सडक, ढल, खानेपानी, सिंचाई, पुल, कल्भर्ट, तटवन्ध, भवन, सम्पदा लगायतका क्षेत्रहरूको नियमित, पटके, आवधिक वा आकस्मिक मर्मत सम्भार र स्तरोन्नती सम्बन्धी कार्यहरू गर्ने ।

ङ) मर्मत सम्भारलाई दिगो र भरपर्दो बनाउने उपायहरूको खोजी गर्ने ।

च) मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्युनिकरण गर्न तत्सम्बन्धी कार्ययोजना बनाउने

छ) मर्मत सम्भारसम्बन्धी कार्यको अनुगमन तथा निरीक्षण गर्ने ।

ज) आवश्यकता अनुसार आकस्मिक र मोबाइल मर्मत टोली गठन गरी कार्य जिम्मेवारी तोकी मर्मत सम्भारको कार्यलाई छिटो, छरितो र प्रभावकारी बनाउने ।

**९. मर्मत सम्भारको लागि छनौटको मापदण्डः** (१) उपभोक्ता समितिबाट र वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, स्थानीय हाटबजार व्यवस्थापन समितिबाट मर्मत सम्भारका लागि एकिकृत बार्षिक कार्यक्रममा समावेश गर्न भनी माग भई आएका योजनाहरू र नगरपालिकाले आवश्यक ठानेका मर्मत सम्भारका कार्य देहायका आधारमा प्राथमिकता निर्धारण गरी छनौट गर्नुपर्नेछः-

क) सबैभन्दा बढी क्षति भएको भौतिक संरचनाहरू ।

ख) भौतिक संरचना तथा पूर्वाधारको महत्वको आधारमा ।

ग) लाभान्वित हुने जनसख्या वा घर धूरीको आधारमा ।

घ) मर्मत सम्भारबाट हुने लाभको आधारमा ।

ङ) सार्वजनिक भौतिक संरचनाको दीर्घकालीन उपयोगिता र आवश्यकताको आधारमा ।

च) तत्काल मर्मत सम्भार गर्नुपर्ने आवश्यकताको आधारमा ।

**१०. अनुगमन तथा सुपरिवेक्षणः** (१) मर्मत सम्भार कोषबाट सञ्चालन हुने मर्मत सम्भार कार्यको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछ ।

(क) सबै मर्मत कार्यहरुको वडा स्तरीय अनुगमन समितिबाट अनुगमन गर्नुपर्नेछ । रु. ३ लाख देखि माथिको नगर स्तरीय अनुगमन समितिबाट अनुगमन गराउनु पर्नेछ ।

(ख) आवश्यकता अनुसार मर्मत सम्भार कोष व्यवस्थापन समितिबाट समेत मर्मत कार्यको अनुगमन गर्नुपर्नेछ ।

(ग) वडा स्तरीय अनुगमन समितिले अनुगमनको प्रतिवेदन वार्षिक रूपमा मर्मत सम्भार कोष व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(घ) अनुगमन प्रतिवेदनमा औंल्याइएका सुझावहरूलाई मर्मत सम्भार कोष व्यवस्थापन समितिमा छलफल गरी आवश्यक सुधार गर्नुपर्नेछ ।

**११. संसोधन वा खारेजीः**

(१) मर्मत सम्भार कोष सञ्चालन कार्यविधि संसोधन वा खारेज गर्नु परेमा नगर कार्यपालिकाबाट हुनेछ ।

(२) यो कार्यविधिमा उल्लेख गरिएका प्रावधानहरूको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियमअनुसार हुनेछ ।

आज्ञाले,
सुर्य दर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत